नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं
फोन नं. : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३९
इमेल : info@nepalbarassociation.org.np
neba@nepalbar.org.np
वेब : www.nepalbar.org.np

प.सं.

नेपाल संवत् ११४६ मिति: २०८३ जेठ ४ गते

केन्द्रीय कार्यसमिति
(२०८२-२०८५)

अध्यक्ष
वरिष्ठ अधिवक्ता प्रा.डा. विजयप्रसाद मिश्र

उपाध्यक्ष
अधिवक्ता पदम प्रसाद लिम्बु
अधिवक्ता भूपेन्द्र खनाल
अधिवक्ता सरस्वती श्रेष्ठ
अधिवक्ता अजय शंकर झा "रुपेश"
अधिवक्ता विवसकुमार बस्नेत
अधिवक्ता कृष्ण प्रसाद पोखरेल
अधिवक्ता तेज बहादुर रावल
अधिवक्ता सिद्ध राज ओझा

महासचिव
वरिष्ठ अधिवक्ता केदार प्रसाद कोइराला

कोषाध्यक्ष
वरिष्ठ अधिवक्ता जगत बहादुर कार्की

सचिव
अधिवक्ता बाबुराम अर्याल

सदस्यहरु
वरिष्ठ अधिवक्ता राजकुमार श्रेष्ठ
अधिवक्ता मंगल सुन्दर शिल्पकार
अधिवक्ता किरण न्यौपाने
अधिवक्ता शारदा गुरुङ
अधिवक्ता दमन बहादुर चन्द
अधिवक्ता सूर्य कुमार यादव
अधिवक्ता डा. मुकुन्द अधिकारी
अधिवक्ता रंजिता कार्की
अधिवक्ता माधव मैनाली
अधिवक्ता रिंकु कुमारी यादव
अधिवक्ता किरण पौडेल
अधिवक्ता इन्दिरा आचार्य
अधिवक्ता चिरञ्जीवी तिल्क्यानी

# प्रेस विज्ञप्ती

न्यायको खोजीमा अदालतमा आउने पक्षको निवेदन अदालतका प्रशासनिक पदाधिकारीले दर्ता गर्नसम्म पनि इन्कार गरी समानान्तर न्याय प्रशासन सञ्चालन गरी आएको विषयको नेपाल बार एशोसिएशन विरोध गर्दै आएको र सोको तत्काल अन्त्य हुनुपर्ने आवाज सँधै उठाउँदै आएको सर्वविदितै छ ।

यस पृष्ठभूमिमा विगत केही समयदेखि संवैधानिक महत्वका विभिन्न विषयमा सम्मानित सर्वोच्च अदालतसमक्ष पर्न आएका रिट निवेदनहरू सर्वोच्च अदालत प्रशासनबाटै दरपीठ गरी फर्काएको र त्यसउपर परेको निवेदन समेत लामो समयसम्म दर्ता नगरी न्यायमार्गमा अवरोध गरी आएको विषयमा नेपालको संविधानको धारा १३६, न्याय प्रशासन ऐन, २०७३ को दफा ३५ र सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७ र ८ को प्रयोग गरी सम्माननीय का.मु. प्रधान न्यायाधीशबाट दरपीठ उपरको निवेदन निष्कर्षका निमित्त दर्ता गर्न आदेश दिनु भएको र सर्वोच्च अदालतको प्रशासनले सोको समेत अवज्ञा गरेको जानकारीमा आएको छ । सोही विषयमा समेत आज प्रतिनिधि सभामा कतिपय माननीय सदस्यहरूले गरेको टिप्पणीमा समेत नेबाएको गम्भीर ध्यानाकर्षण भएको छ ।

तत्सम्बन्धमा आज बसेको नेबाएका उपलब्ध पदाधिकारी एवम् एकाई पदाधिकारी सहितको आकस्मिक बैठकबाट देहायबमोजिमको अवधारणा अघि सारी निम्नानुसारको कार्यक्रमको घोषणा गरिएको छ-

१. सर्वोच्च अदालत समक्ष परेको दरपीठ उपरको निवेदन विना कारण दर्ता नगरी त्यत्तिकै राख्नु स्पष्टतः प्रशासनको अधिकार बाहिरको र न्याय मार्गमा अवरोध पुर्‍याउने कार्य भएको नेबाए ठहर गर्दछ ।
२. न्याय प्रशासनको अन्तिम जिम्मेवारी बहन गर्ने का.मु. प्रधान न्यायाधीशको आदेश समेत अपालन गर्ने प्रशासनको रवैया असाधारण र अप्राकृतिक मात्र होइन यो अभिलेखीकरण हुने, विस्मृतीमा नजाने ऐतिहासिक भूल एवम् प्रचलित कानून आकर्षित हुने घटना समेत हो भन्ने हाम्रो प्रष्ट धारणा छ ।
३. अदालतमा विचाराधीन विषयमा संसदमा छलफल गर्न बन्देज गर्ने प्रावधान संविधानको धारा १०५ मा लेखिएको विषयलाई नजरअन्दाज गरी खुलेआम आजको संसदको बैठकमा छलफल गरिएको विषय अत्यन्त दुःखद् रहेको छ ।
४. आवेश प्रेरित एवम् दम्भमा आधारित उन्मादी अभिव्यक्तिको अन्त्य पश्चातापबाट हुने कुरामा नेबाए स्पष्ट छ ।
५. यस्ता मन्तव्यहरू संसदीय अभिलेखबाट हटाउन एवम् पुनः यस्ता घटनाहरू दोहोरिन नदिन स्पष्ट आदेश हुन सम्माननीय सभामुखज्यूसमक्ष नेपाल बार एशोसिएशन अनुरोध गर्दछ ।

**आगामी कार्यक्रम :-**

**१. मिति २०८३ जेठ ५ गते दिनको १:१५ बजे नेबाए प्राङ्गणमा लालटीन बाली अदालतको प्रशासनको उपरोक्तानुसारको अनपेक्षित क्रियाकलाप र हर्कतको विरोध सहित न्याय, विवेक र स्वच्छ प्रक्रियाको खोजी गर्ने ।**

**२. थप कार्यक्रमहरू सल्लाहकार एवम् एकाइबाट प्राप्त सुझाव अनुसार सञ्चालन गरी जाने ।**

**उपरोक्त अनुसारको कार्यक्रम सफल पार्न सम्पूर्ण कानून व्यवसायीहरूको गरिमामय उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।**

वरिष्ठ अधिवक्ता केदार प्रसाद कोइराला
महासचिव